१०२०

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ३४१/२०७२/०७३

निर्णय नं.६३२

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत ..................................२ पुनरावेदक

विरूद्ध

स्थानीय विकास अधिकारी (कार्यालय प्रमुख), जिल्ला विकास समितिको कार्यालय, सुनसरी .....१ विपक्षी

सूचना अधिकारी, जिल्ला विकास समितिको कार्यालय, सुनसरी ..................................१

विषय :-माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले जिल्ला विकास समितिको कार्यालय, सुनसरी समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०६।१२ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७२।०६।२१ को आदेश बमोजिम जिल्ला विकास समितिको कार्यालय, सुनसरीलाई मिति २०७२।०६।२७ च.नं ३३३ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । प्रस्तुत सम्वन्धमा उक्त कार्यालयले मिति २०७२।०९।२३, च.नं. ५९, प.सं. २०७२/०७३ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई पठाई सकिएको भनी यस आयोगलाई जानकारी गराईएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी निवेदकलाई दिनू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ साल फागुन ०३ गते रोज २ शुभम् ।